ISSN NO. 2392-4624 Volume 8, Issue 1, January 2026

DOI: https://doi.org/10.3126/cognition.v8i1.89775

# *ऐँठन* उपन्यासमा अनुभूतिको संरचना

**विष्णु दर्शनधारी**[१]

***लेखसार***

*प्रस्तुत अनुसन्धानमूलक लेखमा विवेक ओझाको वि.स. २०७९ मा प्रकाशित ऐँठन उपन्यासलाई पाश्चात्य जगत्का रेमन्ड विलियम्सद्वारा प्रतिपादित अनुभूतिको संरचनाको सिद्धान्तका आधारमा व्याख्या विश्लेषण गरिएको छ । यसरी व्याख्या विश्लेषण गर्दा निगमनात्मक, वर्णनात्मक तथा विश्लेषनात्मक पद्धति अपनाई समस्याको निवारण गरिएको छ । ऐँठन उपन्यासमा रेमन्ड विलियम्सको सिद्धान्तले भने बमोजिम दश वर्षे जनयुद्धको समयमा तीन वटा पिँढी रहेको पाइन्छ । ती पिँढीका आ-आफ्नै अनुभूति रहेको छ जसको विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ । मुख्य रूपमा राज्य पक्षद्वारा स्थापित प्रभुत्वशाली संस्कृतिलाई विस्थापित गरी नयाँ संस्कृति निर्माण गर्ने क्रममा प्रभुत्वशाली पिँढी र विद्रोही उदीयमान पिँढीबिच द्वन्द्व भएको छ भने अवशिष्ट पिँढी अर्थात् सर्वसाधारण वर्ग उक्त द्वन्द्वबाट प्रभावित मात्र होइन प्रताडित नै बनेको छ । अवशिष्ट पिँढीले भोगेको त्रासदीपूर्ण अनुभूतिलाई केन्द्रबिन्दुमा राखी लेखिएको यस उपन्यासमा ती पिँढीबिचको अन्तरद्वन्द्व र अन्तक्रियाद्वारा नयाँ संस्कृतिको उदय भएको मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । अनुभूतिको संरचनाको सिद्धान्त बुझ्न र अध्ययन विश्लेषण हेतु ऐँठन उपन्यास निकै उपयुक्त रहेको यस अनुसन्धानमूलक लेखको निष्कर्ष रहेको छ ।*

**शब्दकुञ्जी** : अनुभूति, जनयुद्ध, पिँढी, संस्कृति ।

## विषयपरिचय

*ऐँठन* उपन्यास विवेक ओझाको तेस्रो कृति तथा दोस्रो उपन्यास हो । वि.सं. २०७९ मा प्रकाशित यस उपन्यासमा पूर्ण रूपमा युद्धका विषयवस्तु अङ्गालिएको छ । यसमा स्वैरकाल्पनिकताको प्रयोग कलात्मक ढङ्गबाट भएको पाइन्छ । कुल तीन सय असी पृष्ठ रहेको तथा अठ्ठाइस भागमा विभाजन गरिएको बृहत् आयामको यस उपन्यासमा 'मिराज एक प्राक्कथन' शीर्षक रहेको मिथकीय कथाबाट उठान गरी दोस्रो विश्वयुद्धको प्रसङ्ग जोड्दै तीन वटा युद्धका प्रसङ्गलाई आत्मसात् गरिएको छ । पहिलो मिथकीय महाभारतको कौरव र पाण्डवबिचको युद्धको प्रसङ्ग हो भने नेपालभित्र चलेको दश वर्षे जनयुद्ध र दोस्रो विश्वयुद्ध क्रमशः दोस्रो र तेस्रो प्रसङ्ग हुन् । यस उपन्यासमा दश वर्षे जनयुद्धबाट प्रताडित हुनुपरेका विभिन्न पात्रका भोगाइ र व्यथालाई कथानकको मुख्य आधार बनाइएको देखिन्छ । छोराछोरी गुमाएका आमाबाबु, आमाबाबु गुमाएका छोराछोरी, श्रीमान् गुमाएकी विधवा, श्रीमती गुमाएका श्रीमान्, दिदी गुमाएका भाइ, प्रेमी गुमाएका प्रेमिका,

१. शोधार्थी, दर्शनाचार्य-विद्यावारिधि, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, Email: bishnukapali79@gmail.com

*Received on Nov. 16, 2025* *Accepted on Dec. 24, 2025* *Published on Jan. 28, 2026*

प्रेमिका गुमाएका प्रेमी, अस्मिता लुटिएर पनि बाँच्नुपरेकी नारी तथा परिवार गुमाएकी वृद्धाका आहटबाट जन्मिएको उपन्यास *ऐँठन* हो । उपन्यासकार विवेक ओझा स्वयम्ले पश्च आवरण पृष्ठमा "दुनियाँमा वियोग जस्तो पीडादायी भोगाइ अर्को छैन । *ऐँठन* त्यही वियोगको कथा हो" भनेका छन् । यस उपन्यासका मुख्य पात्र बबनकुमार हुन् जसको जीवनको सेरोफेरोमा सिङ्गो उपन्यास लेखिएको छ । उपन्यासमा युद्धबाट कसैको पनि हित नहुने कुरामा जोड दिँदै युद्धका आँखा कानुनका झैं कालोपट्टीले बाँधिएको हुन्छ भन्ने भाव रहेको कुरा बबनकुमारले पाएका दुःखबाट पुष्टि गरिएको छ । यसमा रहेका बहुल पात्रहरूले आ-आफ्नै अस्तित्व र महत्त्व बोकेको देखिन्छ । उपन्यासका यिनै पात्रहरूका जीवनका भोगाइ तथा अनुभूतिका आधारमा रेमन्ड विलियम्सद्वारा प्रतिपादन गरिएको अनुभूतिको संरचना सिद्धान्तअनुरूप सामाजिक संरचनाको खोजी गर्ने चेष्टा यस अनुसन्धानमूलक लेखमा गरिएको छ ।

*ऐँठन* उपन्यासका बारेमा समीक्षकहरूले विभिन्न कोणबाट समीक्षा गरेको पाइन्छ । अधिकारी (२०८०) ले *ऐँठन* उपन्यास एउटा दुःखको तलाउ हो भन्ने अभिव्यक्ति दिएको छ जसले पात्रले भोग्नुपरेका दुःखको चित्रण भएको छ । रेग्मी (२०८०) ले बबनकुमार जस्ता हजारौं सर्वसाधारणले युद्धका कारण भोगिरहेको पीडा र कुण्ठाको बोध गराएका छन् भने मल्ल (२०८०) ले एउटा युद्धपीडित पात्रले जनयुद्धका सबै पक्षलाई क्रूर देखेको धारणा राखेको छ । भट्ट (२०८०) ले उपन्यासका मुख्य पात्र बबनकुमार भए तापनि उनी युद्धविभीषिकाको भोक्ता पात्र हुन्, वास्तवमा देश परिवर्तनमा लागेका योद्धाहरू नै यस उपन्यासका नायक हुन् भन्ने धारणा राखेको छ । खड्का (२०८०) ले देशको आमूल परिवर्तनका लागि थुप्रै योद्धा युद्धमा होमिएर पनि परिवर्तन गर्न नसक्नु र आफ्ना परिवारबाट टाढा हुनुपरेका कुण्ठालाई अरूतिर दोषारोपण गर्दै सत्तामोहमा रमाउन थालेका पात्रहरूको चित्रण यस उपन्यासमा गरिएको भनाइ राखेको छ । राई (२०८०) ले यस उपन्यासका कथावस्तुले समाजमा मानवताको विलोपन हुँदै गएको धारणा प्रस्तुत गरेको छ । दर्शनधारी (२०८१) मा भने उपन्यासका पात्रका चारित्रिक विश्लेषण वृहत रूपमा गरिएको छ । यसरी विभिन्न समीक्षकले उपन्यासका पात्रले युद्धकालमा भोगेका अनुभूतिको केही हदसम्म चर्चा गरेको पाइन्छ तर रेमन्ड विलियम्सको अनुभूतिको संरचनाको आधारमा अध्ययन गरेको पाइँदैन । तसर्थ, *ऐँठन* उपन्यासभित्र रेमन्ड विलियम्सको समाजशास्त्रीय दृष्टिकोणका आधारमा अनुभूतिको संरचना के कस्तो रहेको छ भन्ने समस्या समाधान गर्नु यस अनुसन्धानमूलक लेखको मुख्य उद्देश्य रहेको छ । उपन्यासमा रहेका बद्ध पात्रहरूलाई रेमन्ड विलियम्सको अनुभूतिको संरचनाको सिद्धान्तअनुरूप तीन पुस्तामा विभाजन गरी उनीहरूले अनुभूत गरेका संस्कृतिको व्याख्या विश्लेषण गर्दै त्यसबाट प्राप्त निष्कर्षलाई प्रस्तुत गर्नु नै यस लेखको प्रमुख उद्देश्य हो ।

## शोधविधि

प्रस्तुत अनुसन्धानमूलक लेखमा रेमन्ड विलियम्सद्वारा प्रतिपादन गरिएको अनुभूतिको संरचना सिद्धान्तका आधारमा *ऐँठन* उपन्यासका पात्रहरूको अनुभूतिको विवेचना गरिएको छ । यसका निम्ति आवश्यक पर्ने प्राथमिक स्रोतका रूपमा *ऐँठन* कृतिलाई लिइएको छ । द्वितीयक स्रोतको रूपमा लेखसँग सम्बन्धित विभिन्न विद्वानहरूका अनुसन्धानमूलक र चिन्तनमूलक पुस्तकहरू र शोधपत्रका साथै इन्टरनेटमा प्रकाशित समीक्षा रहेका छन् । सङ्कलन भएका सामग्रीबाट विश्लेषण र मूल्याङ्कनका लागि रेमन्ड विलियम्सका अनुभूतिको

संरचनाको सैद्धान्तिक ढाँचालाई आधार बनाइएको छ । यस अनुसन्धानमूलक लेखमा निगमनात्मक, वर्णनात्मक तथा विश्लेषणात्मक पद्धति अपनाई समस्याको निवारण गरिएको छ ।

## सैद्धान्तिक आधार

पाश्चात्य जगत्का रेमन्ड विलियम्स (सन् १९२१-१९८८) ले 'अनुभूतिको संरचना' (स्ट्रक्चर्स अफ फिलिङ) पदावलीलाई सर्वप्रथम सन् १९५४ मा प्रकाशित *प्रिफेस टु फिल्म एन्ड ड्रामेटिक ट्रेडिसन्स* कृतिमा प्रयोग गरेका हुन् (घिमिरे, २०८०, पृ.३८) । रेमन्ड विलियम्सले अनुभूतिको संरचनालाई एक अवधिको संस्कृतिका रूपमा अर्थ्याएका छन् । उनका अनुसार समाजमा एउटै कालविशेषमा संस्कृतिका तीन वटा स्पष्ट भेद हुन्छन् । ती प्रभुत्वशाली, अवशिष्ट र उदीयमान संस्कृति हुन् । समाज रूपान्तरणको मुख्य साधन यिनै तीन पिँढीका अनुभूति हुन् । रेमन्ड विलियम्सका अनुसार समाजमा अनुभूतिको संरचनाको सैद्धान्तिक आधार मानवको वैयक्तिक जीवन पद्धति हो । उनको सिद्धान्तले मानवका प्रत्यक्ष जीवन भोगाइ तथा अनुभूतिसँग सम्बन्ध राख्दछ । तसर्थ, समाजको संस्कृतिलाई बुझ्ने बलियो तथ्यपूर्ण आधार अनुभूतिको संरचना नै रहेको देखिन्छ ।

रेमन्ड विलियम्सका अनुसार समाजमा विद्यमान तीन पिँढीको आ-आफ्नो अनुभूति रहेको हुन्छ । उनको विचारमा पहिलो पिँढी प्रभुत्वशाली वा शासकतुल्य हैसियतमा रहेको हुन्छ । दोस्रो र तेस्रो पिँढीले अघिल्लो पिँढीको प्रभुत्वको विकल्पमा आफ्नो अनुभूतिको संरचना निर्माण गर्छ । यस क्रममा दबाब र तनावको सिर्जना हुन्छ र त्यसको समाधान स्वरूप दोस्रो र तेस्रो पिँढी वा समुदायले वैकल्पिक बाटो लिन्छ र त्यसले नयाँ अनुभूतिको संरचना जन्माउँछ (पाण्डेय, २०७८, पृ.३१) । उनले यिनै तीन पिँढीले गर्ने अनुभूति नै अनुभूतिको संरचना हो भन्ने सिद्धान्त प्रतिपादन गरेका छन् । यिनै तीन पिँढीका संस्कृतिका बिच सङ्घर्ष भई समयको अन्तरालसँगै समाजमा ऐतिहासिक परिवर्तनहरू आउँछन् भन्ने मान्यता प्रस्तुत गरेका छन् । यसरी उनको सिद्धान्त सामाजिक संस्कृतिकेन्द्री रहेको देखिन्छ ।

पहिलो पिँढी अर्थात् प्रभुत्वशाली संस्कृतिअन्तर्गत विभिन्न युगका सामन्ती र पुँजीवादी वर्गहरू पर्दछन् । प्रभुत्वशाली संस्कृतिमा एकले अर्कोमाथि कसरी शासन चलाउने जस्ता मनोवृत्तिहरूको विकास हुन्छ जसको परिणाम स्वरूप समाजमा वर्ग विभेदको दूषित वातावरणको विकास हुन पुग्दछ । यस पिँढीले आफ्नो वर्चस्व कायम राख्न कुनै पनि हदसम्म जानसक्ने मनोवृत्ति बनाएको हुन्छ । यस पिँढीले गर्दा समाजमा भौतिक द्वन्द्वको विकास हुन पुग्दछ । उनीहरू आफूले गर्ने दुर्व्यवहार नै उचित रहेको ठहर गरी समाजमा आफ्नो प्रभाव विस्तार गर्न लागि पर्छन् । प्रभुत्वशाली पिँढीले हैकमवादी भएर समाजलाई आफ्नो नियन्त्रणमा राख्ने चाहना राख्दछ अर्थात् आफ्नो वर्चश्वका आधारमा समाजको सञ्चालन गर्ने इच्छा राख्दछ । उनीहरूको दृष्टिकोणमा समानधर्मिता शब्दको कुनै मूल्य नरहने देखिन्छ ।

अवशिष्ट पिँढी अनुभूतिको संरचनाअन्तर्गत पर्ने दोस्रो पुस्ता हो । अवशिष्ट पिँढी प्रभुत्वशाली तथा उदीयमान पिँढीद्वारा निकै प्रभावित रहन्छ । अवशिष्ट पिँढीको अनुभूति प्रभुत्वशाली तथा उदीयमान पिँढीको भन्दा फरक हुन्छ । उनीहरू कुण्ठित अवस्थामा बाँचिरहेका हुन्छन् । प्रभुत्वशाली पिँढीको दबाबले गर्दा अवचेतन

मनलाई चेतन मनले दबाउन बाध्य रहन्छ। यस पिँढीमाथि प्रभुत्वशाली पिँढीले आफ्नो वर्चश्व कायम गर्नका लागि आफ्ना विचार र अवधारणाहरू जबर्जस्ती थोपार्छ भने नयाँ पिँढी अर्थात् उदीयमान पिँढीले पनि आफ्ना नयाँ विचार प्रसारण गर्ने क्रममा अप्रत्यासित रूपमा उनीहरू प्रभावित हुनपुग्दछ। यसरी यो पिँढीले प्रभुत्वशाली तथा उदीयमान संस्कृतिको मारमा परी जीवन व्यतीत गर्न बाध्य हुनुपरेको हुन्छ। उनीहरूलाई प्रभुत्वशाली पिँढीले कम मूल्यवान सम्झिने गर्दछ र प्रभुत्वशाली पिँढीको हेय पात्रको रूपमा रहन्छ। उनीहरू प्रभुत्वशाली संस्कृतिको विरोधमा उपस्थित रहन्छ तर सक्षम हुन सक्दैन।

उदीयमान संस्कृति अनुभूतिको संरचनाको तेस्रो पिँढीअन्तर्गत पर्दछ। उनीहरूले पहिलो र दोस्रो संस्कृतिको भन्दा भिन्न प्रकारको नयाँ संस्कृतिको विकास गर्दछ र समाजलाई रूपान्तरित गर्ने प्रयत्न गर्दछ।

यस संस्कृतिका पिँढी अवशिष्ट पिँढीले जस्तो कुण्ठित जीवन जिउन तयार हुँदैनन्। उनीहरू समाजमा आफ्नै नयाँ संस्कृतिको उदय गर्न रुचाउँछन् जुन आफ्नो पक्षमा होस्। तसर्थ, उनीहरू आफ्नो जीवन सफल बनाउन नयाँ संस्कृति निर्माण गर्न कोसिस गर्छन्। विकृत र विसङ्गतिपूर्ण जिन्दगीको विकल्पको खोजीमा तत्पर रहन्छन् र आफ्नो विकल्पलाई सफलताको परिणाम दिन तत्पर रहन्छन्। उनीहरू आफ्ना व्यवहारबाट नयाँ मूल्यमान्यताको निमार्ण गर्छन् र पुराना मूल्यमान्यतालाई विस्थापन गर्ने मनसाय राख्छन्। उनीहरू आफ्नो मौलिक हक तथा अधिकारको रक्षा गर्ने चाहना राख्छन्। उनीहरू समाजमा विद्यमान संस्कृतिभन्दा पृथक संस्कृतिको परिकल्पना गर्छन् र त्यही परिकल्पनालाई साकार बनाउनेतर्फ सदा उन्मुख रहन्छन्। उदीयमान पिँढी समाजमा नयाँ संस्कृति उदयको आधार हो। वास्तवमा उदीयमान पिँढी प्रगतिशील हुन्छ र प्रभुत्वशाली पिँढीको अत्याचारको अन्त्य गरी नयाँ संस्कृतिको संरचना तयार गर्न तत्पर रहन्छन्। यो पिँढीको वैचारिक परिकल्पनाद्वारा समाजमा विद्यमान परम्परागत संस्कृतिको मूल्यमान्यतालाई विघटन गरी समाजलाई नयाँ संस्कृतितर्फ उन्मुख गराउँदछ।

## नतिजा र विमर्श

यस खण्डमा विवेक ओझाको वि.सं. २०८० (दोस्रो संस्क.) मा प्रकाशित *ऐँठन* उपन्यासको रेमन्ड विलियम्सको अनुभूतिको संरचनाको सिद्धान्तका आधारमा व्याख्या विश्लेषण गरिएको छ। यस उपन्यासमा मुख्य, सहायक, गौण तथा मिथकीय गरी करिब एक सय साठ्ठीभन्दा बढी पात्रहरू रहेका छन्। तीमध्ये सोह्र जना पात्र उपन्यासलाई जीवन्तता दिन बद्ध रूपमा उपस्थित रहेका छन्। दर्शनधारी (२०८१, पृ.९६-९७) का अनुसार उपन्यासमा मुख्य बद्ध पात्रका रूपमा विद्रोही पक्षका शशी र ज्वाला तथा सर्वसाधारणका रूपमा बबनकुमार रहेका छन्। सहायक बद्ध पात्रका रूपमा राज्य पक्षका क्याप्टेन आर. स्वाँर, विद्रोही पक्षका हिमाल, जीवन, राकेश र गोकुल तथा सर्वसाधारणका रूपमा चन्द्रकला र सोरा रहेका छन्। त्यस्तै गरी गौण बद्ध पात्रका रूपमा सर्वसाधारणका रूपमा डाक्टर, उर्मिला, वृद्धा, वृद्ध, गङ्गामाया र आकाश रहेका छन्।

### प्रभुत्वशाली संस्कृति

*ऐँठन* उपन्यासमा बद्ध पात्रका रूपमा रहेका क्याप्टेन आर स्वाँर, राकेश र गोकुल प्रभुत्वशाली पिँढीअन्तर्गत पर्दछन्।

क्याप्टेन आर स्वाँर समाजमा आफ्नो हैकम चलाउन अत्यन्तै रुचाउने प्रभुत्वशाली व्यक्ति हो । उसले राज्य पक्षको सैनिक तथा प्रभुत्वशाली पिँढीको नेतृत्व गरेको छ। उपन्यासमा ऊ त्यस्तो पात्र हो जसले उपन्यासका मुख्य पात्र बबनकुमारको पीडामाथि पीडा थपेको छ। उसले बबनकुमारलाई माओवादीको बन्धनबाट मुक्त भएर आइसकेपछि पनि माओवादी भएको आशङ्कामा पक्राउ गरी शौचालयमा थुनेर प्यास लागेको समयमा आफ्नै पिसाप पिउन बाध्य बनाउने जस्तो अमानवीय कार्य गरेको छ। क्याप्टेन आर स्वाँरले बबनकुमारलाई आफ्नो थुनाबाट मुक्त हुनका लागि आठ लाख रूपैयाँको माग राखेको छ। अन्तिममा आठ लाख रूपैयाँ दिन नसक्दा बबनकुमारले आफ्नो ज्यान जोखिममा पार्नुपरेको अवस्था छ। यस कुराको पुष्टि "... कति सक्छस् ? मैले आफ्नो औकात आकलन गर्रैं, पाँच/छ" (ओझा, २०८०, पृ.३१७) भन्ने संवादबाट हुन्छ। बन्दीले पैसा दिन नसक्दा उनीहरूको आँखामा अपराधी हुने र ती अपराधीलाई 'खाजा खाने' साङ्केतिक भाषा प्रयोग गरी गोली हान्दै लखेट्ने र भाग्न सके बँच्ने अन्यथा मृत्यु नै निश्चित परिणाम हुने प्रावधान उनीहरूले बनाएका थिए। यसरी यी प्रभुत्वशाली पिँढीका पात्रले देशको कानुन नै आफ्नै हातमा लिएको देखिन्छ। ऊ ' आफू सत्तामा छु, शक्तिशाली छु, म जसलाई जे पनि गर्न सक्छु र जे पनि गर्छ' भन्ने गलत मनोवृत्तिले उन्मत्त भएको पात्र हो । उसले आफ्नो पदको दुरुपयोग गरी अवशिष्ट पिँढीलाई दुःख दिएको छ। उसले 'सैनिक भनेका जनताका सुरक्षाका लागि खटिएका हुन्छन्' भन्ने जनविश्वासमाथि अभिघात गरेको छ। ऊ जनताको संरक्षक नभई भक्षकको रूपमा उपस्थित भएको छ। यसरी उसले विकृत संस्कृतिको निर्माण गरेको छ।

राकेश कथानकको प्रथम चरणतिर उदीयमान पिँढीको प्रतिनिधिका रूपमा देखिए तापनि अन्तिमतिर प्रभुत्वशाली पिँढीकै पात्रका रूपमा उपस्थित भएको छ। उसले उदीयमान पिँढीकै अवस्थामा रहँदा पनि नारीमाथि कुदृष्टि राखेको छ। उसले कमरेड उषामाथि गिद्धे नजर राखेको छ भने बन्दी रश्मीबाट यौनचाहनाको परिपूर्ति गरेको छ। दश वर्षे जनयुद्ध समाप्त भई सत्तामा पुगेपछि ऊ प्रभुत्वशाली पिँढीमा अवतरित भयो। तब उसले आफूलाई सत्तामा पुऱ्याउने आफ्नै सहकर्मीमाथि कुनै चासो राखेको छैन। उसले आफ्ना सहयोगी मित्रहरूलाई आफू सत्तामा पुग्नका लागि सिँढीको रूपमा मात्र प्रयोग गरेको देखिन्छ।

गोकुल विद्रोही पक्षका भए तापनि अरूलाई पीडा दिएर अरूको लासको ओछ्यानमाथि सुत्ने चाहना राख्ने प्रभुत्वशाली पिँढीको संस्कृतिलाई निरन्तरता दिने व्यक्तिका रूपमा प्रस्तुत भएको छ। उसलाई आफ्नी गर्भिणी श्रीमतीमाथि कुटपिट गरी पहिलो सन्तान गुमाएकोमा पनि कुनै पश्चाताप भएको छैन। उसले सत्ता र शक्तिको दुरुपयोग गर्दै यौन चाहना तृप्तिका निम्ति छोरी समानकी चौध वर्षकी नाबालिकालाई बलात्कार गर्ने जस्ता जघन्य अपराध गरेको छ। स्वार्थी भावनाले हावी भएको गोकुल आफ्नै परम मित्रलाई समेत गोली हान्नबाट पन्छिएको छैन। उसले निजी स्वार्थ तथा महत्त्वाकाङ्क्षाले भरिपूर्ण रहेको सामाजिक संस्कृतिको अनुभूत गर्न रुचाउने पिँढीको प्रतिनिधित्व गरेको छ। यसरी उसले समाजमा विकृत संस्कृतिको अनुभूतिको संरचना निर्माण गरेको देखिन्छ।

क्याप्टेन आर स्वाँर, राकेश, गोकुललगायत मुक्त पात्र जलेरु र अमर सिंहले दसवर्षे जनयुद्ध कालमा विद्यमान प्रभुत्वशाली पिँढीको संरचना निर्माण गरेको छ। "क्याप्टेन आर स्वाँर र जलेरु क्याप्टेन जस्ता पात्रले नारी तथा निरीहमाथि दमन गर्ने, दुःख कष्टकर जीवन दिन सदा तत्पर रहेका पात्रको प्रतिनिधित्व गर्दै समाजलाई

दूषित बनाउने दुश्चिन्त भावनालाई प्रश्रय दिएका छन्” (दर्शनधारी, २०८१, पृ.१०२)। उनीहरूले समाजमा अवशिष्ट पिँढीलाई पीडादायी संस्कृतिको अनुभूत गराएको छ र आफ्नो प्रभुत्वशाली संस्कृतिलाई जोगाई राख्न अवशिष्ट संस्कृतिमाथि आफ्नो प्रभुत्व कायम गर्ने कार्य गरेको छ। प्रभुत्वशाली पिँढीले आफ्नो सुखसयल सुविधाभन्दा अन्य कुनै पनि पक्षमा ध्यान दिएको पाइँदैन। उनीहरूले जसरी भए पनि आफ्नो स्वार्थ पूर्ति गरेको देखिन्छ। समाजलाई आफ्नो एकतर्फी निर्णय सुनाई समाजलाई अधिनमा राख्न खोजेको देखिन्छ। आफ्नो वर्चश्व कायम गर्न उनीहरूले मुलुकको कानुन नै आफ्नो मुठ्ठीमा राखेको देखिन्छ। नारीलाई भोग्यवस्तुको रूपमा लिनु र जनमानसमा त्रास फैलाउनु नै उनीहरूको पतनको कारण बनेको छ।

## अवशिष्ट संस्कृति

*ऐँठन* उपन्यासमा दोस्रो पिँढी वा संस्कृतिको अनुभूत गर्ने बद्ध पात्रअन्तर्गत बबनकुमार, सोरा, चन्द्रकला, वृद्धा, वृद्ध, गङ्गामाया, आकाश, डाक्टर र उर्मिला पर्दछन्। उनीहरू अवशिष्ट संस्कृति बोकेको पिँढीका प्रतिनिधि हुन्। उनीहरू सत्तासीन पात्रद्वारा अनेकन रूपमा पीडित भएका छन्।

बबनकुमार यस उपन्यासको मुख्य पात्र हो जसले दश वर्षे जनयुद्धमा अनायासै प्रताडित हुनुपरेको छ। ऊ प्रभुत्वशाली र उदीयमान पिँढीद्वारा प्रभावित भएको छ। उसले शक्तिशाली रहेको प्रभुत्वशाली र उदीयमान पिँढी दुवैको ताडनालाई भोग्न बाध्य भएको देखिन्छ। उसको जीवनको अनुभूति निकै दयनीय र भयानक अवस्थाको रहेको छ। उसले निर्दोष श्रीमती उर्मिला र छोरालाई भौतिक जगत्मा कहिल्यै नभेटिने गरी सदाका लागि गुमाउनुपरेको छ। उसलाई तत्कालीन उदीयमान पिँढीका शशी, ज्वाला र हिमाल तथा प्रभुत्वशाली पिँढीका क्याप्टेन आर स्वाँरले नारकीय जीवन व्यतीत गर्न बाध्य तुल्याएको छ। ऊ एक शिक्षाको ज्योतिद्वारा संसारमा उज्यालो फैलाउन चाहने शिक्षक थियो भन्ने कुराको पुष्टि “छापामारले अपहरण गर्नुअघि म शान्तिनगरको जनता माविमा विज्ञान पढाउँथे” (ओझा, २०८०, पृ.३०९) भनी उसले क्याप्टेन आर स्वाँरलाई दिएको अभिव्यक्तिबाट हुन्छ। उदीयमान पिँढीले त समाजको विकृत संस्कृतिलाई मात्र बदल्न लागिपरेको थियो। यद्यपि उनीहरूको उद्देश्य खराब थिएन तर उनीहरूले बबनकुमार जस्तो निश्पक्ष सर्वसाधारणको जीवनलाई अँध्यारो बनाइदिए। तत्कालीन राज्यव्यवस्थाबाट असन्तुष्ट भई समाजको रूपान्तरण गर्न सङ्घर्षरत रहेका उदीयमान पिँढीबाट बबनकुमारले बन्दी बन्नु पर्दा अवर्णनीय अपमान र यातना झेल्नु पऱ्यो। उसले शशी र ज्वाला जस्ता उदीयमान पिँढीका प्रतिनिधिद्वारा ठुलो उत्पीडन सहन गर्नुपरेको अवस्थाको चित्रण उपन्यासमा गरिएको छ। शशी र ज्वाला मिलेर मरेकी श्रीमतीको साथमा जिउँदो छोराको समेत चिहान कता बनायो पत्ता लगाउन उसले जीवनभर प्रयासरत रहेर पनि सफल हुन सकेन। प्रभुत्वशाली पिँढीअन्तर्गत पर्ने सरकारी सेनाबाट पनि उसले कम यातना पाएका होइनन्। सरकारी पक्षले उसलाई शौचालयमा थुनेर नारकीय ताडनाको आभास गराएको छ। “मैले पानी ! भनिरहेँ। उसले तुरुन्तै ढोका लगायो।” र “... मैले पिसाब पिउने निर्णय गरिसकेको थिएँ। त्यसकै लागि केही घण्टा पिसाब च्यापेँ। तर पिसाबले आधा अँजुलीसमेत भरिएन। ठ्याक्कै दुई घुट निलेँ।” (ओझा, २०८०, पृ.३०४) भन्ने उद्धरणबाट उसले सैनिकबाट कति धेरै प्रताडित हुनु परेको थियो भन्ने कुराको पुष्टि हुन्छ। यसरी बबनकुमारले मानवले कल्पनामा समेत चाहना नगर्ने जीवन जिउन विवश भएको छ। यसरी उसको जीवन प्रभुत्वशाली पिँढी र उदीयमान पिँढी दुवैबाट पूर्णत प्रभावित भएको छ। रेमन्ड

विलियम्सले भने झैं अवशिष्ट पिँढीका रूपमा रहेको बबनकुमारले अन्यायको प्रतिरोध त गरेको छ तर ऊ सफल हुन सकेको छैन । आफूले अनुभूत गरेको समाजको संस्कृतिको विकृतिलाई परिवर्तन गर्ने चाहना हुँदाहुँदै पनि उसले त्यो कार्य गर्न सकेको छैन । प्रभुत्वशाली एवम् उदीयमान पिँढीले दिएका प्रताडनाबाट बबनकुमारले विशिष्ट संस्कृतिको अनुभूतिको संरचना निर्माण गरेको देखिन्छ ।

जापानी नागरिक सोराको पीडाको कारण बबनकुमारको भन्दा भिन्न छ। सोरा दोस्रो विश्वयुद्धमा खसालिएको आणविक बम पड्केर साथीभाइलगायत सम्पूर्ण परिवार गुमाएर पनि शान्त भएर ९९ वर्षसम्म बाँचिरहेकी पात्र हुन् । उसले जीवनका तिक्त सत्यलाई सदाका लागि आफूसँगै सम्हालेर राखेकी छिन् । दोस्रो विश्वयुद्धले उसलाई मानवले कल्पना पनि गर्न नसकिने प्रभुत्वशाली संस्कृतिको आभास गराएको छ । दोस्रो विश्वयुद्धपछिको समाजको संस्कृतिले उसलाई जीवनमा जतिसुकै ठुलो विपत्ति आए तापनि मानिसले बाँच्नुपर्ने रहेछ भन्ने संस्कृतिको अनुभूत गराएको छ ।

चन्द्रकला प्रभुत्वशाली शासकवर्गद्वारा पीडित भएर गुमनाम जिन्दगी व्यतीत गर्न बाध्य भएकी छिन् । उसले आफ्नो कथाव्यथा कसैलाई भन्न नसकेर कुण्ठित मनलाई आवाद गराउन *नौरङ्गी* शीर्षकको कथा लेखेर लिखित रूपमा आफ्नो अनुभूति अभिव्यक्त गरेकी छिन् ।

वृद्ध र गङ्गामाया श्रीमान् श्रीमती हुन् । उनीहरूका छोरा सागरलाई द्वन्द्वकालका उदीयमान पिँढीका प्रतिनिधिले जिउँदै खाल्डोमा पुरेर मारेका छन् । उनीहरूको जीवन प्रभुत्वशाली राज्यपक्ष र परिवर्तनकारी उदीयमान पिँढी दुवैबाट प्रभावित भएको छ। वृद्ध र गङ्गामायाले द्वन्द्वकालीन समयमा गाउँघरमा कोख रित्तिएका आमा र सन्तान गुमाएका बाबुको प्रतिनिधित्व गरेका छन् । गङ्गामाया सन्तानको मायाले विछिप्त बन्न पुगेकी छिन् भने वृद्ध जिउनका लागि जाँडको सहारा लिन पुगेका छन् । तत्कालीन समाजको संस्कतिले यी दुई वृद्ध दाम्पत्यलाई आफ्नो लासमाथि दागबत्ति दिलाउनुपर्ने सन्तानकै दागबत्ति आफूले दिनुपरेका अवस्थालाई विवशतावश अङ्गाल्न सिकाएको छ ।

आकाशले बालक अवस्थामै युद्धका कारण समाजमा मान्छेको मूल्य शून्यतामा झरेको अनुभूत गरेको छ। वृद्धाले बबनकुमार जस्ता पीडित व्यक्तिका दुःखलाई अनुभूत गरेको छ र उनीहरूलाई मातृत्व भाव देखाउनुपर्छ भन्ने सद्भावको अनुभूतिको संस्कार निर्माण गरेको देखिन्छ। डाक्टरले पनि युद्ध पीडित बबनकुमारलाई निःस्वार्थ भावले उपचार गर्नुका साथै उसको कुण्ठालाई निष्काशन गरेर सद्भावको अनुभूतिको संस्कार निर्माण गर्न योगदान दिएको छ। तर उनीहरू प्रभुत्वशाली पिँढीको विरोधमा लाग्न सकेका छैनन् ।

बबनकुमार, सोरा, चन्द्रकला, वृद्ध, गङ्गामाया, वृद्धा, आकाश, डाक्टर जस्ता पात्रहरूले प्रभुत्वशाली तथा उदीयमान संस्कृतिको अवधारणाका बिचमा अल्झिएर जीवनयापन गर्नु परेको छ । यस अवशिष्ट पिँढीले चाहेर पनि आफ्नो दुःख पीडालाई घटाउन र हटाउन नसकेको अवस्था रहेको छ। उनीहरू आफ्नो प्रभुत्व र वर्चश्व कायम राख्न चाहने प्रभुत्वशाली पिँढी तथा उदीयमान पिँढीबाट प्रताडित हुनु परेका पात्रहरू हुन् । उनीहरूले चाहेर पनि प्रभुत्वशाली पिँढीको विरोध गर्न सकेको छैन । उनीहरूले प्रभुत्वशाली पिँढीका संस्कृतिलाई स्वीकार गर्न बाध्य हुनु परेको छ । उनीहरूले मनमा भएका पीडा र कुण्ठालाई निष्काशित गर्ने मौका पाएका छैनन् । यस उपन्यासमा अवशिष्ट पिँढीले अत्यन्त पीडादायी संस्कृतिको अनुभूत गरेको पाइन्छ ।

## उदीयमान संस्कृति

*ऐँठन* उपन्यासमा उदीयमान संस्कृतिको अनुभूति लिने बद्ध पात्रअन्तर्गत हिमाल, जीवन, ज्वाला र शशी पर्दछन् । उनीहरू देशको राजनीतिक व्यवस्थाबाट असन्तुष्ट हुँदै देशको राज्य व्यवस्था नै परिवर्तन गर्ने लक्ष्य राखेर जनयुद्धमा होमिएका छन् । हिमाल र जीवनले समाजमा भएका राजनीतिक विकृतिलाई हटाएर नयाँ राज्यको परिकल्पना गर्ने योद्धाहरूको पथप्रदर्शन गरेको देखिन्छ। उनीहरूले जनयुद्धमा नेतृत्वदायी भूमिका निभाएका छन् । उनीहरू दश वर्षे जनयुद्धको नेतृत्व गर्ने कार्यमा समर्पित, सफल र कुशल नेतृत्वदायी पात्रका रूपमा उपस्थित रहेका छन् । हिमाल र जीवनकै मातहतमा रहेर मालती, थारू युवक, विधवा, उषा, लडाकु युवक जस्ता मुक्त पात्रले पनि आफ्नो जीवन जनयुद्धका निम्ति सुम्पेका छन् । उनीहरूले उपन्यासमा उदीयमान पिँढीको अनुभूतिलाई अगाडि बढाएको देखिन्छ। शशी र ज्वाला जस्ता पात्र निकै क्रियाशील रहेर समाजको संस्कृतिमा परिवर्तन ल्याउने विचारधाराका साथ अघि बढिरहेका छन् । शशीले त परिवर्तनका लागि सङ्घर्ष गर्दागर्दै मङ्गलसेनको हमलामा परी ज्यानै गुमाएको पुष्टि बबनकुमारको आत्मउक्ति “म सास फेरिरहेको थिएँ र कमान्डर शशी सासविहीन थियो” (ओझा, २०८०, पृ.२८२) बाट हुन्छ। ज्वाला आफ्ना अग्रज कमान्डर हरूको जस्तोसुकै आज्ञा मान्ने स्वविवेक नभएको स्वामीभक्त व्यक्ति हो । उसले समाजको परिवर्तनलाई आफ्नो जीवनको लक्ष्य मानेर आफ्नो साथी शशीको मृत शरीर बोकेर भए पनि युद्ध गरेको छ । उसले समाजको संस्कृति फेर्ने विचारधारालाई निकै दृढताका साथ निभाएको देखिन्छ। जनयुद्धपश्चात् राकेश र अमरसिंह जस्ता पात्रले सत्तामा पुगेपछि अन्य योद्धाहरूको दुःखकष्टको कुनै पर्वाह गरेको देखिँदैन । उनीहरूले देखावटी औपचारिकता मात्र निभाएका छन् तर पनि ज्वालाले तिनै सत्तासीन पात्रलाई आदर्शको पथप्रदर्शकका रूपमा लिएको छ।

माथि उल्लेखित पात्रहरूले समाजमा उदीयमान संस्कृतिको प्रतिनिधित्व गरेका छन्। उनीहरूले प्रभुत्वशाली पिँढीको हैकमवादी प्रवृत्तिको घोर विरोध स्वरूप जनयुद्धको घोषणा गरी समाजलाई नयाँ रूपमा रूपान्तरित गर्न एक हदसम्म सफल भएका छन्। यस पिँढीले प्रभुत्वशाली पिँढीका समाजलाई नियन्त्रणमा राख्ने चाहनालाई जीर्ण बनाइदिएको छ। उनीहरू अवशिष्ट पिँढीले जस्तो अवचेतन मनलाई दबाएर कुण्ठित भएर बस्न चाहेका छैनन् । यस उपन्यासमा उदीयमान पिँढीले पनि अवशिष्ट पिँढीलाई प्रभुत्वशाली पिँढीले जतिकै पीडा दिएको छ । उनीहरूले प्रभुत्वशाली संस्कृतिको प्रतिकार गर्ने क्रममा अवशिष्ट पिँढीका पात्रहरूलाई पनि दबाबमूलक रूपमा  राखेका छन् । त्याज्य रहेको पुरानो दमनकारी राज्य व्यवस्थालाई हटाएर देशमा नयाँ व्यवस्था ल्याउनु उनीहरूको उद्देश्य थियो। तर ‘चामल पिन्दा घुन पनि पिसिन्छ’ भन्ने लोकोक्तिलाई यस उपन्यासका अवशिष्ट पिँढीका कार्यव्यापारले सार्थक बनाएको देखिन्छ। यसरी एउटै काल विशेषमा यी तीन पिँढीले आ-आफ्नो अनुभूतिद्वारा भिन्दा भिन्दै विशेषता बोकी समाजमा समग्र अनुभूतिको संरचनाको निर्माण गरेका छन् ।

## निष्कर्ष

*ऐँठन* उपन्यासमा रेमन्ड विलियम्सको अनुभूतिको संरचनाको सिद्धान्तमा भनिए झैं तीन पिँढीको उपस्थिति छ। मुख्य रूपमा प्रभुत्वशाली पिँढी र उदीयमान पिँढीबिच द्वन्द्व भएको छ जसले जनयुद्धकै रूप लिएको छ। अवशिष्ट पिँढीका पात्रहरू प्रभुत्वशाली पिँढी र उदीयमान पिँढी दुवैतिरबाट प्रभावित मात्र होइन

प्रताडित नै बनेका छन् । यस उपन्यासले अवशिष्ट पिँढीलाई केन्द्रमा राख्दै दश वर्षे जनयुद्ध कालका तीन वटै पिँढीका संस्कृतिलाई प्रस्ट्याउने कार्य गरेको छ। अवशिष्ट पिँढीका दृष्टिकोणबाट यो उपन्यास मार्मिक रहेको देखिन्छ। प्रभुत्वशाली पिँढीमा पुरानो राज्यव्यवस्थाका पीडक पात्र मात्र नभई विद्रोही पक्षका पात्र पनि असामाजिक र परपीडकका रूपमा रूपान्तरण हुन सक्छन् भन्ने यस उपन्यासले प्रस्ट पारेको छ। त्यस्तै गरी अवशिष्ट पिँढीका पात्रमध्ये कोही प्रभुत्वशाली पिँढीको उत्पीडनको विरोध गर्ने चाहना राख्छन् तर केही पनि गर्न सक्दैनन् भने कोही त त्यति सोच पनि राख्दैनन् बरु अर्काको पीडालाई कम गराउन भूमिका खेल्छन्। उदीयमान पिँढीका पात्रहरू पुरानो संस्कृतिलाई ध्वस्त पारी सत्तामा पुगेपछि सजिलैसित विचलित पनि हुन सक्दारहेछन् भन्ने कुरा उपन्यासमा उजागर भएको छ।

यसरी रेमन्ड विलियम्सको सिद्धान्तअनुरूप एउटै कालखण्डमा यी तीन पिँढीका पात्रहरूले आ-आफ्नो अनुभूति बटुलेको देखिन्छ। यिनै पात्रहरूको तनावपूर्ण कार्यव्यापारले गर्दा अनुभूतिको संरचनाको निर्माण भएको छ। तसर्थ, अनुभूतिको संरचना अध्ययन विश्लेषण हेतु विवेक ओझाद्वारा लिखित ऐँठन उपन्यास निकै उपयुक्त रहेको देखिन्छ। प्रस्तुत लेखमा *ऐँठन* उपन्यासका बद्ध पात्रका अनुभूतिको व्याख्या विश्लेषण गरिएको छ। आगामी अनुसन्धाताहरूले रेमन्ड विलियम्सको सिद्धान्तका आधारमा उपन्यासका मुक्त पात्रका अनुभूतिको पनि व्याख्या विश्लेषण गर्नु उपयुक्त हुने देखिन्छ।

**सन्दर्भ सामग्री**


अधिकारी, रूपक (२०८०).उपचार गर्दा पनि निको नहुने घाउ-*ऐँठन* (पुस्तकानुभूति/ नवपुस्ता). *साहित्यपोस्ट.* ज्येष्ठ २६. ००:०१. पृ. नखुलेको । https://sahityapost.com/top-news/111556/.

ओझा, विवेक (२०८०). *ऐँठन.* (दोस्रो संस्क.). काठमाडौँ : साङ्ग्रिला मिडिया ग्रुप प्रा.लि. ।

खड्का, चन्द (२०८०). विस्मरणीय स्मृतिको *ऐँठन*बाट निस्कँदा. *साहित्यपोस्ट.* मसिर ६. ०७:०९. पृ. नखुलेको । https://sahityapost.com/top-news/128152/

घिमिरे, विदुला (२०८०). *सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अनुभूतिको संरचना.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय ।

चापागाई, निनु (२०७६). *मार्क्सवादी साहित्यचिन्तन.* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

दर्शनधारी, विष्णु (२०८१). *ऐँठन उपन्यासमा पात्रविधान.* अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय ।

पाण्डेय, ताराकान्त (२०७८). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* (दोस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् २०२३). *साहित्य और समाजशास्त्रीय दृष्टि.* (तृतीय संस्क.). हरियाणा : आधार प्रकाशन प्रा.लि. ।

भट्ट, सीताराम (२०८०). *ऐँठन* एक युद्ध विरोधी मिसाइल. *दायित्वबोध.* मंसिर १५. ०९:५९. पृ. नखुलेको। https://dayitwabodh.com/news/detail/159547/

मल्ल, डिकर्ण (२०८०). *ऐँठन* इतिहासमाथि पूर्वाग्रही कथन. *नयाँ पत्रिका.* श्रावण १३. ०६:५६:००. पृ. नखुलेको। https://jhannaya.nayapatrikadaily.com/news-details/2150/2023-07-29

राई, डीआर (२०८०). पुस्तक चर्चा : *ऐँठन* परेको समय. *रातोपाटी.* असोज २०. ११:४९. पृ. नखुलेको। https://www.ratopati.com/story/389068/dr-rai-aithan-

रेग्मी, विवेक विवश (२०८०). भुइँमान्छेको आर्तनाद '*ऐँठन*'. *हिमाल प्रेस.* कार्तिक. १०:३५. पृ. नखुलेको। https://himalpress.com/2023/11/97989/